# रासी सोनारी गाउँपालिकाको पशु विमा कार्यक्रम संचालन तथा विमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि २०७९

रासी सोनारी गाउँपालिका, अगैया
बाँके जिल्ला
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिकाबाट स्वीकृत मिति :- २०७९/०६/२९

पशु विमा कार्यक्रम संचालन तथा विमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि ,२०७९

प्रस्तावनाः-

मुलुकको अर्थतन्त्रमा महत्वपुर्ण स्थान ओगटेको पशुपन्छीपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको स्वास्थ्यका दृष्टिकोणबाट समेत पशुपन्छी पशुपन्छीजन्य पदार्थ तथा पशुपन्छी उत्पादन सामाग्रीको स्वस्थ उत्पादन, बिक्री वितरण,उपभोग गर्ने सम्बन्धमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न र यस राप्ती सोनारी गाउँपालिका भित्र बहुसंख्यक कृषक पशुपालन व्यवसायबाट आफ्नो जिवन निर्वाहा गर्दै आएको परिपेक्षमा यस व्यवसायलाई व्यवस्थित र व्यवसायीकरण तथा आधुनिकरण गर्दै किसानहरुको जिवनस्तरमा परिवर्तन ल्याउनु, रोजगारी सृजना, बेरोजगारीको अन्त्य गर्दै, राप्ती सोनारी गाउँपालिका भित्रको समग्र पशुपालन व्यवसायलाई विकास गर्नु, राप्ती सोनारी गाउँपालिकाको दायित्व हुन आउछ।

पशुपालन व्यवसायमा भएका जोखिमहरु कम गरी व्यवसाय तर्फ कृषकहरुलाई आकर्षण गर्न र कृषि क्षेत्रमा निजि तथा सहकारी क्षेत्रको लगानी बढाउने र लगानी सुरक्षित गर्न आवश्यक भएको छ। यो आवश्यकता लाई सम्बोधन गर्न नेपाल सरकारको शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना,२०७९ को कृषि क्षेत्र विकास सम्बन्धी बुंदा नं. ६६ मा माछा, पशुपंक्षी र कृषि उपजको व्यवसायिक उत्पादनमा जोखिम बीमा गरिदिने र सो बीमा को ८० प्रतिशत अनुदान नेपाल सरकारले दिने भनि उल्लेख भए अनुरुप २०७९ कार्तिक मसान्त देखी बीमा कार्यक्रम लागु हुनेछ र बाकि रहेको २० प्रतिशत रकम कृषक स्वयमले तिर्नु पर्ने हुदा अझैपनि बिमा कार्यक्रम विपन्न र आर्थिक अवस्था कम्जोर भएका कृषक माझ पुग्न नसकेको हुदा उक्त २० प्रतिशत गाउँपालिकाबाट अनुदान स्वरुप उपलब्ध गराउने स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ खण्ड ण (१२) संग सम्बन्धित कार्यको लागि सोही ऐनको दफा १०२ को उपदफा २ अनुसार यो कार्यविधि निर्माण गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम पशु बीमा कार्यक्रम सञ्चालन तथा विमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि २०७९ रहेको छ।

(ख) यो कार्यविधि राप्ती सोनारी गाउँपालिका बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ।

२. उद्देश्यहरुः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :

(क) कृषकहरु को काबु भन्दा बाहिरको परिस्थितीबाट हुन सक्ने तर्फ सम्भावित जोखिम न्युनीकरण गरी कृषकहरुलाई व्यवसायिक पशुपालन मा आकर्षित गर्न सहयोग गर्ने।

(ख) पशुपालन को व्यवसायीकरणका लागि जोखिम न्युनिकरण गरी कृषकले पशुपालन मा गरेको लगानीलाई सुरक्षित गर्न सहयोग गर्ने।

(ग) पशुपालन क्षेत्रमा नीजी तथा सहकारी क्षेत्रको लागानी आकर्षित गर्न सहयोग गर्ने।

(घ) विपन्न र आर्थिक अवस्था कम्जोर भएका कृषकहरुको जिवन स्तर उकास्न सहयोग गर्नेछ ।

३. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ऐन भन्नाले बीमा ऐन, २०४९ सम्झनुपर्छ ।

(ख) नियमावली भन्नाले बीमा नियमावली,२०४९ सम्झनुपर्छ ।

(ग) "पशुधन" भन्नाले घरपालुवा पशु र पन्छीहरुलाई जनाउँछ यसले स्त्री र पुरुष जाति दुबैलाई समेट्छ।

(घ) "बीमक" भन्नाले बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको बीमा कम्पनी सम्झनु पर्दछ।

(ङ) "बीमित" भन्नाले बाली वा पशुपन्छीको बीमा गराउने व्यक्ति वा परिवार वा कृषक समुह भनो सम्झनु पर्दछ।

(च) "बीमा लेख" भन्नाले बीमा समितिबाट जारी गरिएको बीमा लेख लाइ सम्झनु पर्दछ।

(छ) "काबु भन्दा बाहिरको परिस्थिती भन्नाले बाढी पहिरो,अनावृष्टि,पशुका रोग तथा बाझोपन, दुर्घटना जस्ता विभिन्न परिस्तथितिलाई जनाउछ।

(ज) "कार्यालय" भन्नाले रासी सोनारी गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

(झ) "सम्बन्धीत शाखा" भन्नाले रासी सोनारी गाउँपालिकाको पशु सेवा शाखा लाई सम्झनु पर्दछ।

(ञ) "प्राविधिक" भन्नाले रासी सोनारी गाउँपालिकाको पशु शेवा शाखाको पाविधिकलाई सम्झनु पर्दछ।

तप्त बहादुर पौडेल
अध्यक्ष

परिच्छेद -२

४. <u>कार्यक्रम कार्यान्वयन र संचालन प्रकृया</u>

(क) कार्यालयले बार्षिक स्वीकृत कार्यक्रम अनुसार विमा कार्यक्रम संचालन गर्नेछ।

(ख) विपन्न आर्थिक अवस्था कम्जोर भएका र पशुधनको विमा नगरेका कृषक वर्गलाई पहिलो प्राथमिकता दिईनेछ ।

(ग) विमा गराउने पशु पन्छीको मुल्य निर्धारण गर्दा बाली तथा पशु पन्छी विमा निर्देशीका २०६९ को परिच्छेद-५ अनुसार गरिनेछ।

(घ) विमा कार्यक्रम संचालन गर्दा वार्षिक स्वीकृत बजेटको परिधि भित्र रहेर कार्यक्रम शिर्षकको आधारमा सम्वन्धित वडा कार्यालय मार्फत पशु सेवा शाखाका वडा प्राविधिकहरु मार्फत विमा गराउन ईच्छुक कृषक हरुको नाम र विमा गराउने पशुकी संख्या टिपोट गरिनेछ।

(ङ) बाली तथा पशुपन्छी बीमा,बीमा समितिमा दर्ता भएका १७ वटा निर्जिवन बीमा कम्पनीहरु (बीमक)ले नेपालका सबै जिल्लाहरुमा कार्य गर्न सक्ने भएता पनि यस रासी सोनारी गाउँपालिकामा बिमा कार्यक्रम संचालन व्यवस्थापन तथा भुक्तानी प्रकृयालाई व्यवस्थित गर्न यस रासी सोनारी गाउँपालिकाको पशु सेवा शाखाले रासी सोनारी गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत आर्थिक प्रसाशन प्रमुखको आवश्यक परामर्शमा विमा कम्पनिसंग कार्य सम्झौता गरि कार्यक्रम संचालन गर्नेछ।

परिच्छेद-३

विविध

५. <u>अनुगमन र मुल्यांकन समिति गठन</u> (५ जनाको मुल्यांकन समिति गठन गरिनेछ)

(क) रासी सोनारी गाउँपालिका अध्यक्ष ज्यूले तोकेको १ जना कार्यपालिकाको सदस्य संयोजक

(ख) कृषि शाखाको शाखा प्रमुख १ जना सदस्य

(ग) पशु सेवा शाखाको प्रविधिक कर्मचारी १ जना सदस्य

(घ) कृषि शाखाको प्रविधिक कर्मचारी १ जना सदस्य

(ङ) पशु सेवा शाखाको शाखा प्रमुख १ जना सदस्य सचिव

६. <u>अनुगमन गर्ने</u> :

क) कार्यक्रम संचालनको समयमा आवश्यकता अनुसार रासी सोनारी गाउँपालिका आफैले अनुगमन गर्नेछ ।

तप्त बहादुर पौडेल
अध्यक्ष

७. प्रचलित कानुन लागु हुने :

क) बिमा प्रिमियम मा अनुदान उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन सम्बन्धमा यस कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

८. कार्यक्रम संसोधन तथा खारेजी:

क) राप्ती सोनारी गाउँपालिकाले पशु सेवा शाखाको सिफारिसमा यो कार्यविधिको संसोधन तथा खारेजी गर्न सक्नेछ ।

९. बाधा अड्चन फुकाउने :

क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परे राप्ती सोनारी गाउँपालिकाले निर्णय गरी फुकाउने छ ।

१० व्याखा गर्ने अधिकार :

क) यो कार्यविधिको व्याख्या गर्ने अधिकार राप्ती सोनारी गाउँपालिकालाई हुने छ ।

बीमा अवधि बीमा पोलिसि जारि गरेको मितिले १ वर्ष सम्म कायम रहनेछ । अर्को वर्षका लागि पुन बीमा शुल्क तिरी नविकरण गर्नु पर्ने छ ।